वेबसाइट:
www.gamingcontrolboard.pa.gov
ई-मेल:
problemgambling@state.pa.us
ठेगाना:
Pennsylvania Gaming Control Board
(पेन्सिल्भानिया गेमिङ कन्ट्रोल बोर्ड)
P.O. Box 69060
Harrisburg, PA 17106-9060
Attn: Office of Compulsive and Problem Gambling

काटेर मेल

यहाँ हुलाक टिकट टाँस्नुहोस्

PGCB
कम्पल्सिभ एन्ड प्रोब्लेम ग्याम्ब्लिङ्गको कार्यालय
पी.ओ. बक्स 69060

PGCB
कम्पल्सिभ एन्ड प्रोब्लेम ग्याम्ब्लिङ्गको कार्यालय
पी.ओ. बक्स 69060

काटेर मेल

## अज्ञात जुवाडेका लागि 20 प्रश्न

1. के तपाईंले कहिल्यै जुवाका लागि काम वा स्कुलको समय खेर फाल्नु भएको थियो?
2. के जुवाले कहिल्यै तपाईंको घरेलु जीवन दुखी बनाएको छ?
3. के जुवाले तपाईंको प्रतिष्ठा प्रभावित पारेको छ?
4. के जुवा खेलेपछि तपाईं कहिल्यै पछुतो भएको छ?
5. के तपाईंले कहिल्यै उधारो चुकाउन वा आर्थिक समस्या समाधान गर्न जुवा खेल्नु भएको थियो?
6. के जुवाले कहिल्यै तपाईंको महत्वाकाङ्क्षा वा दक्षतामा कमी आएको थियो?
7. जुवामा हारेपछि के तपाईंलाई जतिसक्दो चाँडो फर्किएर आफूले हारेको फेरि जित्नुपर्छ भन्ने लागेको थियो?
8. जितेपछि के तपाईंलाई फेरि आएर अझ धेरै जित्ने ठूलो चाहना भएको थियो?
9. के तपाईंले कहिलेकाहीं आफूसँगको अन्तिम डलर हारून्जेलसम्म जुवा खेल्नुभएको थियो?
10. के तपाईंले कहिल्यै जुवा खेल्नका लागि सापटी लिनुभएको थियो?
11. जुवा खेल्ने पैसाका लागि तपाईंले कहिल्यै केही बेच्नुभएको छ?
12. के तपाईं "जुवा खेल्ने पैसा" सामान्य खर्चमा प्रयोग गर्न अनिच्छुक हुनुहुन्थ्यो?
13. के जुवाले तपाईंलाई आफ्नो र आफ्नो परिवारको हितप्रति लापरवाह बनाएको थियो?
14. तपाईंले कहिल्यै आफूले योजना बनाएभन्दा धेरैबेर जुवा खेल्नु भयो?
15. के तपाईंले कहिल्यै चिन्ता र दुखबाट छुटकारा पाउन जुवा खेल्नु भएको छ?
16. के तपाईंले जुवा खेल्ने पैसाका लागि कुनै गैरकानुनी काम गर्नु भएको छ वा गर्ने विचार गर्नुभएको छ?
17. के जुवाले गर्दा तपाईंलाई सुत्नमा समस्या भएको छ?
18. के तर्क, खिन्नता वा हताशाले तपाईंभित्र जुवा खेल्ने चाहना उत्पन्न गराउँछ?
19. के तपाईंलाई कहिल्यै कुनै सौभाग्यलाई केही समय जुवा खेलेर खुसी मनौने चाहना भएको थियो?
20. के तपाईंले आफ्नो जुवाको कारणले कहिल्यै आफूलाई क्षति पुऱ्याउने वा आत्महत्याको विचार गर्नुभएको छ?

यदि तपाईंले यी प्रश्नहरूमा सातवटा प्रश्नको उत्तर "हो" भनेर दिनुहुन्छ भने तपाईं अनिवार्य जुवाडे हुनुहुन्छ।

प्यानसिल्भानियाको अनिवार्य जुवाको आयोगलाई हेल्पलाइनमा कल गर्नुहोस् 1-800-GAMBLE

कम्पल्सिभ एन्ड प्रोब्लेम ग्याम्बलिङ्गको कार्यालय

# आत्म-बहिष्करण कार्यक्रम



## आत्म-बहिष्करण के हो?

आत्म-बहिष्करण एक प्रक्रिया हो जसले एक व्यक्तिलाई सबै वैध जुवा खेलका गतिविधिहरूबाट बाहिर रहन र कुनै पनि लाइसेन्सधारी सुविधाबाट कुनै विजित राशि सङ्कलन गर्न, कुनै हारेको रकम असुली गर्न वा कुनै सम्पूरक उपहार ग्रहण गर्नबाट निषेधित गर्न अनुरोध गर्ने अनुमति दिन्छ। आत्म-बहिष्करण केवल पेन्सिल्भानिया राज्य(गणराज्य)मा लाइसेन्सधारी जुवाका अड्डाहरूमा लागू हुन्छ।

## म कसरी आत्म-बहिष्करण सूचीमा पर्नसक्छु?

कुनै पनि व्यक्तिले पेन्सिल्भानिया गेमिङ्ग कन्ट्रोल बोर्डमा व्यक्तिगत रूपमा आत्म-बहिष्करणको आवेदन पुरा भरेर बुझाएर आत्म-बहिष्करण सूचीमा आफ्नो नाम अन्तर्भुक्त गराउन सक्छन्। यो आवेदन फारम PGCB को वेबसाइटमा भेट्न सकिन्छ। PGCB को ह्यारिसन कार्यालयमा, PGCBका कुनै एक क्षेत्रीय कार्यालयमा वा लाइसेन्सधारी सुविधाका कुनै एक PGCB कार्यालयमा समय लिएर आवेदन बुझाउन सकिन्छ। समय(एपोइन्टमेन्ट) लिनका लागि कम्पल्सिभ एन्ड प्रोब्लेम ग्याम्ब्लिङ्गको कार्यालयमा 717-346-8300 मा कल गर्नुहोस्।

## आत्म-बहिष्करणको आवेदनका लागि निम्न पहिचान खुलाउने जानकारी आवश्यक छन्:

1. नाम, कुनै उपनामसहित।
2. जन्म मिती।
3. वर्तमान निवासको ठेगाना।
4. टेलिफोन नम्बर।
5. सामाजिक सुरक्षा नम्बर जब 1974 को निजता ऐनको धारा 7(5 U.S.C. § 552a)का अनुसार स्वैच्छिक रूपमा उपलब्ध गराइन्छ भने।
6. शारीरिक विवरण, उच्चता, तौल, लिङ्ग, केशको रङ्ग, आँखाको रङ्गसहित र अन्य कुनै शारीरिक विशेषता जसले पहिचानमा मद्दत गर्छ।
7. सरकारद्वारा जारी फोटो पहिचानपत्र जस्तै ड्राइभिङ्ग लाइसेन्स वा पासपोर्ट।

## के मैले जुवाको समस्या भएका परिवारका कुनै सदस्यलाई आत्म-बहिष्करण सूचीमा हाल्न सक्छु?

हुँदैन। एक व्यक्तिले कुनै अर्को व्यक्तिलाई आत्म-बहिष्करण सूचीमा हाल्न सक्तैन। सूचीमा पस्नु पूर्णतः स्वैच्छिक हो र बहिष्करण चाहने व्यक्तिले आफै गर्नुपर्छ।

## के मैले आत्म-बहिष्करणको आवेदन PGCB कार्यालयलाई मेल गर्न सक्छु?

हुँदैन। आत्म-बहिष्करणको आवेदन बुझाउने व्यक्तिले व्यक्तिगत रूपमा गएर PGCB कार्यालय वा अन्य अनुमोदित ठाउँहरूमा फोटो खिचाउनु पर्छ, र सरकारद्वारा जारी व्यक्तिको हस्ताक्षर र फोटो भएको कुनै वैध पहिचानपत्र पेस गर्नुपर्छ।

## म कति समयसम्म आत्म-बहिष्करण सूचीमा रहनेछु?

आत्म-बहिष्करणको आवेदन बुझाउने व्यक्तिले जुवा खेलका गतिविधिहरूबाट आफूलाई निम्नमध्ये कुनै एक न्यूनतम अवधिका लागि बाहिर राख्न अनुरोध गर्न सक्छ:

एक वर्ष(12महिना); पाँच वर्ष; वा आजीवन।आत्म-बहिष्करणहरूको म्याद सकिँदैन।

## के मेरो नाम आत्म-बहिष्करण सूचीबाट हटाइन सकिन्छ?

1 वा 5 वर्षको आत्म-बहिष्करण तबसम्म प्रभावकारी रहन्छ जबसम्म आत्म-बहिष्कृत व्यक्तिले PGCB को आत्म-बहिष्करण सूचीबाट आफूलाई हटाउन आग्रह गर्दैन। कुनै व्यक्तिले, आत्म-बहिष्करणको न्यूनतम अवधि पुरा भएपछि, 717-346-8300 मा कल गरेर आत्म-बहिष्करण सूचीबाट आफूलाई हटाउन अनुरोध गर्न सक्छ। आजीवन प्रतिबन्धको चयन गरेका व्यक्तिहरूले आत्म-बहिष्करणको सूचीबाट हटाइने अनुरोध गर्न सक्दैनन्।

आत्म बहिष्करणको सूचीबाट हटाइने प्रक्रियाबारे थप जानकारीका लागि कम्पल्सिभ एन्ड प्रोब्लेम ग्याम्ब्लिङ्गको कार्यालयमा 717-346-8300मा कल गर्नुहोस्।

## आत्म-बहिष्करणका लागि मैले साइन-अप गरेपछि के हुन्छ?

लाइसेन्सधारी सुविधाहरूले कुनै आत्म-बहिष्कृत व्यक्तिबाट दाउ वा च्याँखे थाप्नबाट र जुवा खेल्ने सुविधा अस्वीकार गर्नुपर्छ; कुनै आत्म-बहिष्कृत व्यक्तिलाई चेक क्यास गराउने सुविधा, प्लेयर क्लबको सदस्यता, सम्पूरक सामग्री र सेवा, जङ्केट(उत्सव)मा सहभागिता र त्यस्तै सुविधा र लाभहरू दिन अस्वीकार गर्नुपर्छ; आत्म-बहिष्कृत व्यक्तिले कुनै जङ्केटको प्रस्ताव, लक्षित मेलहरू, टेलिमार्केटिङ्ग विज्ञापनहरू, आफ्नो लाइसेन्सधारी सुविधामा जुवा खेलका गतिविधिसँग सम्बन्धित प्लेयर क्लब सामग्रीहरू वा अन्य प्रचार सामग्रीहरू नपाउन् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ; र अन्य अधिकारक्षेत्रका आफ्ना सम्पत्तिहरूमा पनि आत्म-बहिष्कृत व्यक्तिहरूलाई बाहिर निकाल्न सक्छन्।

कुनै व्यक्ति आत्म-बहिष्करण सूचीमा परेपछि, लाइसेन्सधारी सुविधाले व्यक्तिका दाउहरू अस्वीकार गर्नुपर्छ। यसको उल्लङ्घन गर्ने व्यक्ति पक्राउ पर्न सक्छ। एउटा आत्म-बहिष्कृत व्यक्तिले आत्म-बहिष्करण सूची रहेको समयमा खेलेको जुवामा जितेको रकम प्राप्त गर्न वा आत्म-बहिष्करण सूचीमा रहुन्जेलको सम्पूर्ण अवधिभर जुवा खेलका गतिविधिहरूमा संलग्न रहेबापत हारेको राशिको असुली गर्न पाउने छैन। कुनै आत्म-बहिष्कृत व्यक्तिलाई जारी गरिएको, प्राप्त गरेको वा गर्न खोजेको जितेको राशि PGCB का अनिवार्य र समस्या जुवा कार्यक्रमको समर्थनका लागि PGCB लाई प्रेषित गरिने छ।

PGCB आत्म-बहिष्करण कार्यक्रमबारे थप जानकारी र आत्म-बहिष्करण आवेदन फारमको प्रिन्टआउट कपीक लागि PGCB को वेब साइटमा जानुहोस्।

www.gamingcontrolboard.pa.gov

वा

मेल(हुलाक)द्वारा आत्म-बहिष्करण आवेदन फारम प्राप्त गर्नका लागि तलको पोस्टकार्ड भर्नुहोस् र PGCB को मुख्य कार्यालयमा मेल गर्नुहोस्।

काटेर मेल गर्नुहोस्।

कृपया मलाई PGCB आत्म-बहिष्करण कार्यक्रमबारे थप जानकारी पठाउनुहोस्।

नाम ____________________

ठेगाना ____________________

सहर ____________ राज्य ______ जिप ______

काटेर मेल